नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना प्रविधि विभाग

बबरमहल, काठमाडौं

प.सं. २०८२/८३
च.नं.

## प्रेश विज्ञप्ती

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीहरुको बुँदा नं. ३० मा उल्लिखित **"सरकारी एप वा पोर्टलहरु अपाङ्गता भएका ब्यक्ति तथा कम प्राविधिक ज्ञान भएका नागरिकले पनि चलाउन सक्ने गरी सवल बनाउने"** कार्ययोजना अनुरुप यस विभागबाट सवै सरकारी निकायहरुका लागि ब्यवस्थापन गरिदै आएको सरकारी एकीकृत वेबसाइट ब्यवस्थापन प्रणाली (GIWMS) अन्तर्गत निर्माण तथा संचालित वेबसाइटहरुलाई अपाङ्गमैत्री बनाउन विभागबाट यही मिति २०८३ बैशाख ३ गते देखि अपाङ्गमैत्री सुविधाहरु (features) थप गरिएको छ । यस सम्बन्धमा आज मिति २०८३ बैशाख ११ गतेका दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सभाहलमा **"अपाङ्गमैत्री सुविधा थप सहित सञ्चालित सरकारी एकीकृत वेबसाइट ब्यवस्थापन प्रणाली (GIWMS) अद्यावधिक गर्ने सम्बन्धी तालिम"** कार्यक्रम नेपाल सरकारको मन्त्रालय/विभागमा कार्यरत वेबसाइट सम्बन्धी कार्य हेर्ने सम्पर्क ब्यक्तिहरुको सहभागीतामा तालिम कार्यक्रम सम्पन्न गरियो । साथै उक्त GIWMS अन्तर्गतका सवै सरकारी निकायका वेबसाइटहरुलाई सम्बन्धित सरकारी निकायहरुबाटै यथाशिघ्र आवश्यक अद्यावधिक गरी अपाङ्गमैत्री बनाउदै लैजाने ब्यहोरा समेत सम्बन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

(प्रकाश दवाडी)
सूचना अधिकारी
मिति: २०८३/०१/११

फोन नं. ०१-५२४४८९८, ५२४४५९८ इमेल: info@doit.gov.np वेब: www.doit.gov.np